कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २८, अंकः ११८
आइतबार, ०७ मंसिर २०८२
(Sunday, 23 Nov. 2025)
पृष्ठः ४, मूल्यः १० ।-

समाचार र विचारको स्वतन्त्र संवाहक
# कालपृष्ठ
kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास–निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

## बाँकेका स्पा, मसाज सेन्टरमा प्रहरीको कडा निगरानी




**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, ६ मंसिर*

बाँके जिल्लामा सञ्चालनमा रहेका स्पा, मसाज सेन्टर हरूमा यौनजन्य अनैतिक गतिविधि बढ्दै गएको गुनासो सर्वसाधारणबाट उठ्न थालेपछि प्रहरीले निगरानी बढाएको छ।

जिल्ला प्रहरी कार्यालय बाँकेले स्थानीयको गुनासोलाई ध्यानमा राखेर नेपालगन्ज र कोहलपुरमा रहेका स्पा, मसाज सेन्टर र खाजा घरहरूमा निगरानी बढाउँदै जाँदा केही ठाउँमा यौनजन्य अवैध गतिविधि भइरहेको पाइएको छ।

सोही कारणले नेपालगन्ज र कोहलपुर क्षेत्रमा सञ्चालित स्पा, मसाज सेन्टर र खाजा घरमा प्रहरीले कडाइका साथ अनुगमन अभियान थालेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता प्रहरी नायब उपरिक्षक दिपक पातलीले बताउनुभयो।

उहाँले सोही अभियानअन्तर्गत कोहलपुर र नेपालगन्जका स्पा, मसाज सेन्टर र खाजाघरमा छापा मारेर प्रहरीले अवैध तथा गैर-व्यवसायिक क्रियाकलापमा संलग्न १८ जनालाई नियन्त्रणमा लिएको बताउनुभयो। तीमध्ये ११ जना महिला तथा सात जना पुरुष रहेका थिए।

सो घट्नाले केही स्पा, मसाज सेन्टर र खाजाघरमा अवैध कार्य भइरहेको पुष्टि गरेपछि निगरानी र कडाई थप बढाइएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक अंगुर जिसीले बताउनुभयो।

उहाँले केही दिनअघि मात्र प्रहरीले नेपालगन्जका चार होटलमा छापा मारेर वेश्यावृत्तिमा संलग्न ४५ जनालाई नियन्त्रणमा लिएको जनाउँदै त्यसैको निरन्तरता स्वरूप नेपालगन्ज र कोहलपुरका स्पा र खाजा घरमा छापा मारेको बताउनुभयो।

प्रहरीले जिल्लाका केही होटल र स्पा, मसाज सेन्टर तथा क्यासिनोमा समेत निगरानी बढाएको जनाउँदै प्रहरी प्रमुख जिसीले अवैध कार्य भएको वा भइरहेको पाइएमा कडा कारबाही गरिने बताउनुभयो।

नेपालगन्जका विभिन्न स्थानमा खुलेका स्पा र मसाज सेन्टरमा भारतीय नागरिकहरू बढी आउने गरेका छन् भने क्यासिनो त भारतीय नागरिकलाई नै लक्षित गरेर सञ्चालनमा ल्याइएको बताइएको छ।

जेनजी आन्दोलनपछि बाँके जिल्लाको प्रहरी नेतृत्व परिवर्तन भएपछि जिल्लामा प्रहरीले गैरकानुनी र अवैध कार्य रोक्न कडाइ बढाउँदै लगेको पाइएको स्थानीय वासिन्दाको भनाइ छ।

## नेपालगन्जमा 'इ–लाइब्रेरी' बन्दै

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, ६ मंसिर*

यहाँस्थित महेन्द्र पुस्तकालय 'इ-लाइब्रेरी'का रूपमा रूपान्तरण हुने भएको छ । पुस्तकालयका अध्यक्ष बलराम यादवले निकट भविष्यमा पुस्तकालय सञ्चालन हुने बताउनुभयो।

अध्यक्ष यादवले प्रदेश तथा सङ्घीय सरकारसँग कम्प्युटर उपलब्ध गराउन माग पनि गरे । हाल पुस्तकालयमा तीन वटा कम्प्युटर छन् । इ-लाइब्रेरी सञ्चालनका लागि रु ६ लाख आवश्यक भएको समेत उहाँले बताउनुभयो।

यसैबिच, लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री आदेशकुमार अग्रवालले आगामी वर्षदेखि पुस्तकालयलाई उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । नेपालगन्ज उपमहानगर पालिकाका प्रमुख प्रशान्त विष्टले पनि पुस्तकालयलाई नियमित रूपमा सहयोग गरिने बताउनुभयो।

शुक्रबार भएको पुस्तकालयको १८ औँ अधिवेशनले यादवलाई पुनः अध्यक्ष चयन गरेको छ। यसै गरी, उपाध्यक्षमा पङ्कज श्रेष्ठ र कोषाध्यक्ष अजयकुमार टण्डन पनि पुनः निर्विरोध निर्वाचित भएका छन्।

## करिब सात लाख नयाँ मतदाता थपिए

**कालपृष्ठ समाचारदाता**

काठमाडौं, ६ मंसिर

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्ष्य गरेर सञ्चालन गरेको मतदाता नामावली तथा अद्यावधिकका लागि थप गरेको समय सकिँएको छ।

सो अघि गत कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय दिइएकामा नयाँ मतदाताको दर्ताको चाप र सरोकार भएका पक्षको आग्रहका आधारमा आयोगले यही मङ्सिर ५ गतेसम्मका लागि समय थपेको थियो।

यसबीचमा करिब सात लाख नयाँ मतदाता थपिएको जनाएको आयोगले मध्यरातिपछिको सबै यकिन विवरण छिट्टै सार्वजनिक गर्ने जनाएको छ। थपिएको संख्या उत्साहजनक भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले उनी बताए। आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने गराएपछि अनलाइनबाट नाम दर्ता गराउनेको संख्या थप बढेको थियो।

रूहानी हस्पिटल प्रा.लि.
RUHANI HOSPITAL PVT. LTD.
नेपालगन्ज, बाँके

Vacancy Announcement

| S. No. | Post | Quantity | S. No. | Post | Quantity |
|---|---|---|---|---|---|
| 1 | Pharmacy | 2 | 9 | Security Guard | 2 |
| 2 | Staff Nurse | 10 | 10 | Physiotherapy | 2 |
| 3 | H.A | 3 | 11 | Eye | 3 |
| 4 | Lab Biomatric | 5 | 12 | Dental | 2 |
| 5 | Prabidhik | 8 | 13 | O.T.Technician | 2 |
| 6 | Helper | 5 | 14 | Driver | 5 |
| 7 | Radiography | 3 | 15 | Administration | 6 |
| 8 | MBBS Doctor | 3 | | | |

Form Fee: Rs. 200/-
Day upto 1 Week Left

Needed Documents:
- Citizenship Photocopy
- Education/Qualification Certificate
- Experience Letter
- Photo 2

Contact No:9812439453, 9708599989

अन्तरवार्तामा आउँदा सम्बन्धित निकायको सक्कली कागजतपत्र लिएर आउनु पर्नेछ।

नोटः महिला तथा प्रसुति, पाठेघर सहित सम्पुर्ण रोगहरूको निःशुल्क स्वास्थ्य सिविर यही मंसिर ७ गतेका दिन साकार कृषि संस्था द्वारा सञ्चालन हुन लागेको सहस्र जानकारी गराइन्छ। स्थानः राप्तिसोनारी गाउँपालिका वडा नं. ५ चिलहरिया,बाँके। साकार कृषि संस्था लि. को गोदाम घर।

अस्पताल प्रशासन

## लुम्बिनी प्रदेशको सातौं अधिवेशन आह्वान

**कालपृष्ठ समाचारदाता**

*दाङ, ६ मंसिर*

लुम्बिनी प्रदेश सभाको सातौं अधिवेशन मङ्सिर ८ गते बस्ने भएको छ। प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम लुम्बिनी प्रदेश सभाको सातौं अधिवेशन आह्वान गर्नुभएको हो। प्रदेश सरकारले सिफारिस गरेको आधारमा प्रदेश प्रमुख घर्तीले आगामी मङ्सिर ८ गते सोमबार दिउँसो १ बजे अधिवेशन बस्ने गरी आह्वान गर्नुभएको हो।




उहाँले लुम्बिनी प्रदेश सभा नियमावली २०७९ को नियम (३) बमोजिम प्रदेस सभा सदस्यहरूलाई जानकारी गराइएको प्रदेश सभा सचिव दुर्लभकुमार पुनले उक्त जानकारी दिनुभयो।

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers
लक्ष्मी मिडिया प्रिन्टर्स
बि.पी. चोक, नेपालगंज। फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

# तथ्याङ्कमा समाजको तस्बिर



मुलुकमा भौगोलिक विविधतासँगै सामाजिक, सांस्कृतिक, जातीय, भाषिक, राजनीतिक, धार्मिक विविधता छ। यसले नेपालीको जीवनशैलीमा पनि विविधता ल्याएको छ। सरकारले लिएका विभिन्न नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनबाट नेपालीको जीवनस्तरमा सुधार आएको देखिन्छ। अपेक्षित गतिमा मुलुकको प्रगति हुन नसकेको भए पनि आर्थिक, सामाजिक पक्षका धेरै पाटोमा सुधार भएको छ।



मनोहर घिमिरे

प्राकृतिक रूपले सुन्दर नेपाल भौगोलिक रूपमा हिमाल, पहाड र तराई भूभागमा फैलिएको छ। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको, सङ्घीय शासन व्यवस्था भएको नेपालमा सात प्रदेश, ७७ जिल्ला, १६५ निर्वाचन क्षेत्र र ७५३ स्थानीय तह छन्। स्थानीय तह अन्तर्गत २९३ नगरपालिका, ४६० गाउँपालिका र ६,७४३ वडा छन्। मुलुकमा भौगोलिक विविधतासँगै सामाजिक, सांस्कृतिक, जातीय, भाषिक, राजनीतिक, धार्मिक विविधता छ। यसले नेपालीको जीवनशैलीमा पनि विविधता ल्याएको छ। सरकारले लिएका विभिन्न नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनबाट नेपालीको जीवन स्तरमा सुधार आएको देखिन्छ। अपेक्षित गतिमा मुलुकको प्रगति हुन नसकेको भए पनि आर्थिक सामाजिक पक्षका धेरै पाटोमा सुधार भएको छ। समाजका विभिन्न पक्षको तथ्यपरक ढङ्गले अध्ययन र विश्लेषण गर्न गणना, सर्वेक्षण तथा प्रशासनिक अभिलेखको उपयोगबाट विभिन्न सरकारी निकायबाट मुलुकको आर्थिक, सामजिक तथ्याङ्क उत्पादन हुँदै आएको छ।

**जनसंख्या र वितरणको अवस्था**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ६६,६६,९३७ घरपरिवारमा २,९१,६४,५७८ जनसंख्या रहेको छ, जसमध्ये पुरुष १,४२,५३,५५१ (४८.९८ प्रतिशत ) र महिला १,४९,११,०२७ (५१.०२ प्रतिशत) रहेका छन्। यस अनुसार लैङ्गिक अनुपात ९५.५९ छ। जनगणनाको नतिजा अनुसार अन्य लिङ्गीको जनसंख्या २,९२८ छ। प्रदेशगत रूपमा जनसंख्याको वितरण हेर्दा कुल जनसंख्याको सबैभन्दा बढी अंश २०.९७ प्रतिशत बागमती प्रदेशमा छ। यस्तै, मधेश प्रदेशमा २०.९७ प्रतिशत, लुम्बिनी प्रदेशमा १७.५६ प्रतिशत, कोशी प्रदेशमा १७.०१ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा ९.२४ प्रतिशत, गण्डकी प्रदेशमा ८.४६ प्रतिशत र कर्णाली प्रदेशमा ५.७९ प्रतिशत जनसंख्या छ। जनसंख्याको वितरणमा बागमती प्रदेशमा मधेश प्रदेशभन्दा २,२६६ जनसंख्या बढी भएकाले बागमतीलाई सबैभन्दा बढी मानिएको हो। यस्तै, नगरपालिका क्षेत्रमा ६६.१७ प्रतिशत र गाउँपालिका क्षेत्रमा ३३.८३ प्रतिशत जनसंख्या छ। नेपालको जनघनत्व १९८ जना र औसत परिवार सदस्य संख्या ४.३७ छ।

नेपालको पहिलो जनगणना विक्रम संवत् १९६८ मा भएको थियो। जनगणनाको सय वर्ष २०६८ मा पुग्यो। पछिल्लो पटक विक्रम संवत् २०७८ मा बाह्रौँ जनगणना गरियो। पहिलो जनगणना अनुसार ५६,३८,७४९ रहेको जनसंख्या बाह्रौँ जनगणनामा पुग्दा २,९१,६४,५७८ पुगेको छ। जुन १९६८ को तुलनामा यो करिब दुई करोड ३५ लाखले बढी हो। २०६८ देखि २०७८ को दशकमा १०.१ प्रतिशतले जनसंख्या बढेको छ।

भौगोलिक क्षेत्र अनुसार जनसंख्या वितरणको अवस्था हेर्दा सबैभन्दा बढी तराईमा ५३.६ प्रतिशत जनसंख्या छ। यस्तै, पहाडमा ४०.३१ प्रतिशत र हिमालमा ६.०८ प्रतिशत रहेको छ। २०६८ को जनगणना अनुसार तराई, पहाडी र हिमाली प्रदेशमा क्रमशः ५०.३, ४३.० र ६.७ प्रतिशत जनसंख्या बसोबास गरेको देखिन्छ। २०४८ को नतिजा अनुसार तराईमा ४६.७ प्रतिशत जनसंख्याको बसोबास छ। तराई क्षेत्रमा कुल जनसंख्याको हिस्सा क्रमशः बढिरहेको छ।

**जनसंख्या वृद्धिदर घट्दै**

राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्षको वार्षिक औसत जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत छ। २०५८-२०६८ को दशकको वार्षिक औसत जनसंख्या वृद्धिदर १.३५ प्रतिशत र २०४८-२०५८ को दशकको वार्षिक औसत जनसंख्या वृद्धिदर २.२५ प्रतिशत थियो। नेपालमा जनसंख्या वृद्धिदर क्रमशः घटिरहेको छ। देशमा जनसंख्या वृद्धिदरमा अपेक्षा गरेभन्दा पहिल्यै कमी आएको छ। जनसंख्याको भौगोलिक वितरण हेर्दा तराई क्षेत्रमा जनसंख्याको अंश बढी रहेको छ र बसाइँसराइ तीव्र छ। यसले गर्दा हिमाली र पहाडी क्षेत्रको जनसंख्या घटिरहेको देखिन्छ। ७७ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदरलाई विश्लेषण गर्दा हिमाली र पहाडी क्षेत्रका ३४ वटा जिल्लामा वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक अर्थात् २०६८ को तुलनामा २०७८ मा जनसंख्या घटेको छ। सबैभन्दा बढी जनसंख्या वृद्धिदर भक्तपुरमा ३.३५ प्रतिशत र सबैभन्दा बढी ऋणात्मक वृद्धिदर रामेछापमा-१.६७ प्रतिशत छ। २०६८ को जनगणना अनुसार हिमाली र पहाडी क्षेत्रका २७ वटा जिल्लामा ऋणात्मक जनसंख्या वृद्धिदर थियो।

**क्रियाशील श्रमशक्तिको बाहुल्य**

नेपालको जनसंख्याको उमेरगत समूह अनुसारको अवस्था हेर्दा १५ देखि ५९ वर्षको क्रियाशील श्रमशक्तिको जनसंख्या ६१.९६ प्रतिशत छ। २०६८ र २०५८ को जनगणना अनुसार यो समूहको जनसंख्या क्रमशः ५७ र ५४ प्रतिशत रहेको थियो। जनगणना २०७८ अनुसार ० देखि १७ वर्षका बालबालिकाको जनसंख्या ३३.८४ प्रतिशत, १६ देखि २४ वर्षका किशोर किशोरीको जनसंख्या १७.६३ प्रतिशत, १६ देखि ४० वर्षका युवाको जनसंख्या ४२.५६ प्रतिशत, ६० वर्ष वा सोभन्दा माथिको ज्येष्ठ नागरिकको जनसंख्या १०.२१ प्रतिशत र ६५ वर्ष वा सोभन्दा माथिको जनसंख्या ६०.९ प्रतिशत छ।क्रियाशील श्रमशक्तिको बाहुल्यता रहेको यो जनसाङ्ख्यिक लाभलाई मुलुकले उपयोग गरी आर्थिक सामाजिक विकास गरी मुलुकमा समृद्धि ल्याउन जरुरी छ।

**आश्रित अनुपात घट्दै**

२०४८ को जनगणनामा आश्रित अनुपात ८७.२ रहेकोमा २०७८ को जनगणना अनुसार आश्रित अनुपात ५३.३ छ। आश्रित अनुपात घट्दै जानु आर्थिक विकासका लागि अनुकूल परिस्थिति भएको मानिन्छ। प्रति एक सय सक्रिय उमेर समूह (१५ देखि ६४ वर्ष) का जनसंख्यामा बालबालिका (० देखि १४ वर्ष) तथा वृद्ध जनसंख्या (६५ वर्ष वा सोभन्दा माथि) लाई आश्रित अनुपात भनिन्छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार ३१.५५ प्रतिशत घरपरिवारका परिवारमूली महिला रहेका छन्। परिवारमूली महिला सबैभन्दा बढी गण्डकी प्रदेशमा ४१ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा २१.७ प्रतिशत छन्। २०६८ को जनगणनामा २५.७३ प्रतिशत र २०५८ को जनगणनामा १४.८७ प्रतिशत परिवारमुली महिला थिए।

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालमा हाल १४२ जातजातिको बसोबास छ, जुन २०६८ मा १२५ थियो। यस पटक १७ वटा नयाँ जातजाति थपिएका छन्। जातजाति अनुसार जनसंख्याको वितरण हेर्दा सबैभन्दा बढी क्षेत्री १६.४५ छन्। बढी जनसंख्या भएका अन्य पाँच जात जातीमा ब्राह्मण पहाड ११.२९ प्रतिशत, मगर ६.९ प्रतिशत, थारू ६.२ प्रतिशत, तामाङ ५.६२ प्रतिशत र विश्वकर्मा ५.०४ प्रतिशत छन्। सबैभन्दा कम जनसंख्या रहेका पाँच जात जातीमा नुराङ (३६ जना), बनकारिया (१८० जना ), कुसुण्डा (२५३ जना), सुरेल (३१८ जना) र ल्होमी (३५५ जना) रहेका छन्। १२५ जातजातिमध्ये ३६ वटाको मात्र जनसंख्या कुल जनसंख्याको एक प्रतिशतभन्दा बढी छ।

**एक सय चौबिस मातृभाषा**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२४ वटा मातृभाषाहरू भेटिएका छन्, जुन २०६८ मा १२३ थिए। मातृभाषाका आधारमा जनसंख्याको वितरण हेर्दा सबैभन्दा बढी बोलिने पाँच भाषामा नेपाली ४४.८६ प्रतिशत, मैथिली ११.०५ प्रतिशत, भोजपुरी ६.२४ प्रतिशत, थारू ५.८८ प्रतिशत र तामाङ ४.८८ प्रतिशत छन्। एक लाखभन्दा बढी वक्ता भएका मातृभाषा २१ वटा मात्र रहेका छन्। सबैभन्दा कम बोलिने पाँच मातृभाषामा कुसुण्डा (२३ जना), वनकारिया (८६ जना), साम (१०६ जना), हरियान्वी (११४ जना) र सधनी (१२२ जना) छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १० वटा धर्म मान्ने व्यक्ति छन्। नतिजा अनुसार हिन्दु धर्म मान्ने ८१.१९ प्रतिशत, बौद्ध धर्म मान्ने ८.२१ प्रतिशत, इस्लाम धर्म मान्ने ५.०९ प्रतिशत, किरात धर्म मान्ने ३.१७ प्रतिशत र क्रिश्चियन १.७६ प्रतिशत रहेका छन्। २०६८ को नतिजा अनुसार हिन्दु धर्म मान्ने ८१.३४ प्रतिशत, बौद्ध ९.०४ प्रतिशत, इस्लाम ४.३९ प्रतिशत, किरात ३.०५ प्रतिशत र क्रिश्चियन १.४२ प्रतिशत जनसंख्या रहेको थियो।

**औसत आयु बढ्दै**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालीको औसत आयु ७१.४ वर्ष रहेको छ जस अनुसार पुरुषको ६८.७ र महिलाको ७४.३ वर्ष रहेको छ। प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी औसत आयु बागमती प्रदेशमा ७२.८ वर्ष रहेको छ भने सबैभन्दा कम लुम्बिनी प्रदेशमा ६९.७ वर्ष छ। २०६८ को नतिजा अनुसार नेपालीको औसत आयु ६६.६ वर्ष रहेको थियो। यस्तै २०३८ को जनगणना अनुसार नेपालीको औसत आयु ४९.८ वर्ष रहेको थियो जसमा पुरुषको औसत आयु ५०.९ वर्ष र महिलाको औसत आयु ४८.१ रहेको देखिन्छ। नेपालीको औसत आयु क्रमशः बढ्दै गएको छ।

**कम साक्षरता दर मधेश प्रदेशमा**

राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्ष वा सोभन्दा माथिको उमेरका व्यक्तिमा साक्षरतादर ७६.२ प्रतिशत रहेको छ, जस अनुसार पुरुषको ८३.६ र महिलाको ६९.४ प्रतिशत छ। प्रदेशगत रूपमा साक्षरतादर हेर्दा सबैभन्दा धेरै बागमती प्रदेशमा ८२.१ र सबैभन्दा कम मधेश प्रदेशमा ६३.५ प्रतिशत छ। पुरुष र महिलाको साक्षरतादरसमेत मधेश प्रदेशमा सबैभन्दा न्यून रहेको छ, पुरुषको ७२.५ र महिलाको ५४.७ प्रतिशत रहेको छ। जिल्लागत रूपमा साक्षरतादर हेर्दा सबैभन्दा धेरै काठमाडौँमा ८९.२३ प्रतिशत र सबैभन्दा कम रौतहटमा ५७.७५ प्रतिशत छ। सबैभन्दा कम साक्षरतादर हुने अन्य चार जिल्लामा क्रमशः महोत्तरी, सर्लाही, हुम्ला र बारा छन्। निर्वाचन क्षेत्र अनुसार विश्लेषण गर्दा सबैभन्दा धेरै साक्षरतादर हुने तीन निर्वाचन क्षेत्रमा काठमाडौँ क्षेत्र नं १, रूपन्देही क्षेत्र नं २ र काठमाडौँ क्षेत्र नं ५ रहेका छन्, जहाँ साक्षरतादर क्रमशः ९२.९, ९१.४ र ९०.९ प्रतिशत छ।

**गरिबीको रेखामुनिको जनसंख्या**

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको पछिल्लो गरिबीको नतिजा अनुसार नेपालमा २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् अर्थात् करिब ६० लाख जनसंख्या गरिबीको रेखामुनि रहेका छन्। क्षेत्रगत रूपमा हेर्दा सहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन्। गरिबीमा रहेको जनसंख्या फैलावट हेर्दा सहरी क्षेत्रमा ६२.८६ प्रतिशत र ग्रामीण क्षेत्रमा ३७.१४ प्रतिशत छन्। लिङ्गत रूपमा हेर्दा पुरुष परिवारमुली भएका घरपरिवारमध्ये २०.२७ प्रतिशत र महिला घरपरिवारमुली भएका मध्ये २०.२८ प्रतिशत घरपरिवार गरिबीको रेखामुनि छन्। नेपालको गरिबीको विषमता सूचकाङ्क ४.५२ र गरिबीको गहनता १.४८ रहेको छ।

असमानता मापनका लागि प्रयोग गरिने गिनी सूचकाङ्क ०.३० रहेको छ। यसको मान ० भएमा पूर्ण समानता र एक भएमा पूर्ण असमानता रहेको देखिन्छ। सहरी क्षेत्रको गिनी सूचकाङ्क ०.३० र ग्रामीण क्षेत्रको ०.२९ रहेको छ। ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा उपभोगमा बढी असमानता देखिन्छ।

सोह्रौं योजनाले आर्थिक वर्ष २०८५/८६ सम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्यालाई १२ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ।

प्रदेशगत रूपमा गरिबीको दर हेर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३४.१६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८ प्रतिशत छ। कोशीमा १७.१९ प्रतिशत, मधेशमा २२.५३ प्रतिशत, बागमतीमा १२.५९ प्रतिशत, लुम्बिनीमा २४.३५ प्रतिशत र कर्णालीमा २६.६९ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी छन्। गरिबको जनसंख्या सबैभन्दा बढी मधेश प्रदेशमा छ। प्रदेशको शहरी र ग्रामीण क्षेत्र अनुसार गरिबीको विश्लेषण गर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम प्रदेशको ग्रामीण क्षेत्रमा ४०.२१ प्रतिशत छ र सबैभन्दा कम काठमाडौं उपत्यका सहरी क्षेत्रमा ७.३८ प्रतिशत छ।

**बेरोजगारी बढ्दै**

नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ अनुसार १५ वर्ष वा सोभन्दा माथिको काम गर्ने उमेरको जनसंख्यामा रोजगारी जनसंख्याको अनुपात ३४.२ प्रतिशत, श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत र बेरोजगारी दर ११.४ प्रतिशत छ। नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार, १५ वर्ष वा सोभन्दा माथिको काम गर्ने उमेरको जनसंख्यामा रोजगारी जनसंख्याको अनुपात ३२.४ प्रतिशत, श्रमशक्ति सहभागिता दर ३७.१ प्रतिशत र बेरोजगारी दर १२.६ प्रतिशत छ। प्रदेशगत रूपमा हेर्दा बेरोजगारी दर सबैभन्दा बढी कर्णाली प्रदेशमा २३.८ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा ५.५ प्रतिशत रहेको छ। सोह्रौं योजनाले आव २०८५/८६ सम्ममा बेरोजगारी दरलाई पाँच प्रतिशतमा झार्ने लक्ष्य राखेको छ।

**एकसट्ठी खर्बको अर्थतन्त्र**

आव २०८१/८२ मा नेपालको वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. ६१ खर्ब सात अर्ब २२ करोड हुने अनुमान गरिएको थियो। स्थिर मूल्यमा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत र उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत हुने अनुमान गरिएको थियो। कुल गार्हस्थ उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशतको योगदान अनुमान गरिएको थियो। कुल गार्हस्थ उत्पादनमा बागमती प्रदेशले ३६.५२ प्रतिशत, कोशी प्रदेशले १५.९० प्रतिशत, लुम्बिनी प्रदेशले १४.२३ प्रतिशत, मधेश प्रदेशले १३.१६ प्रतिशत, गण्डकी प्रदेशले ८.९८ प्रतिशत, सुदूरपश्चिम प्रदेशले ७.०३ प्रतिशत र कर्णाली प्रदेशले ४.१९ प्रतिशत योगदान पुऱ्याउने अनुमान गरिएको थियो।

प्रतिव्यक्ति राष्ट्रिय आय बढ्दै

आव २०८१/८२ मा प्रतिव्यक्ति राष्ट्रिय आय १,५१७ अमेरिकी डलर रहेको छ, जुन अघिल्लो आवमा १,४६७ अमेरिकी डलर थियो। त्यसै गरी आव २०८१/८२ मा प्रतिव्यक्ति कुल खर्च योग्य आय १,९४० डलर रहेको छ, जुन अघिल्लो आवमा १,८६४ थियो। सोह्रौं योजनाले आव २०८५/८६ सम्मम प्रतिव्यक्ति राष्ट्रिय आय २,३५१ अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखेको छ।

**विप्रेषण उपभोगमै**

नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० अनुसार देशभरका घरपरिवारमध्ये ७६.८ प्रतिशतले विप्रेषणप्राप्त गरेको देखिन्छ र यस्ता घरपरिवारले औसतमा रु. १,४५,०९३ प्राप्त गरेको छ। घरपरिवारले प्राप्त गर्ने विप्रेषणमध्ये २९.३ प्रतिशत स्वदेशभित्रबाट, २१.३ प्रतिशत भारतबाट र ४९.४ प्रतिशत भारतबाहेक अन्य मुलुकबाट प्राप्त हुने गरेको देखिन्छ। घरपरिवारले प्राप्त गरेको विप्रेषण मुख्य रूपमा दैनिक उपभोगमा खर्च हुने गरेको छ। ७२.४ प्रतिशत दैनिक उपभोगमा, १५.८ प्रतिशत ऋण तिर्न, ४.६ प्रतिशत शिक्षामा (स्वदेश), १.९ प्रतिशत घरायसी दिगो सरसामान खरिदमा, १.९ प्रतिशत बचत र १.८ प्रतिशत पुँजी निर्माणमा खर्च हुन्छ।

**कृषक परिवार एकचालिस लाख बढी**

राष्ट्रिय कृषिगणना २०७८ अनुसार नेपालमा करिब ४१ लाख ३१ हजार कृषक परिवार छन्। प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी कृषक परिवार कोशी प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा छन्। २०६८ सालमा यो सङ्ख्या करिब ३८ लाख ३१ हजार थियो। कुल कृषि कार्यमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल २२ लाख १८ हजार हेक्टर छ। कृषक परिवारको सङ्ख्या बढ्दै गए पनि कृषि कार्यमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल भने घट्दो क्रममा छ। कृषकहरूले उत्पादन गरेको कृषि उपज आफैँ उपयोग गर्ने र बिक्री गर्ने २५ प्रतिशत र कृषि उपजबाट वर्षभरि खान पुग्ने कृषक परिवार ४५ प्रतिशत मात्र रहेको छ।

**मानव विकास सूचकाङ्क वृद्धि**

संयुक्त राष्ट्रसङ्घले सन् २०२५ मा प्रकाशन गरेको विश्वव्यापी मानव विकास प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६२२ रहेको छ र नेपाल १९३ मध्ये १४५ औँ स्थानमा छ। नेपालको मानव विकास सूचकाङ्क सन् २०२२ मा ०.६०५, सन् २०२१ मा ०.५९६ र सन् २००० मा ०.४७१ रहेको थियो। सोह्रौं योजनाले आव २०८५/८६ सम्ममा मानव विकास सूचकाङ्कलाई ०.६५० मा पुऱ्याउने लक्ष्य राखेको छ।

माथि उल्लिखित तथ्याङ्क आर्थिक, सामाजिक क्षेत्रका केही उदाहरण तथ्याङ्क मात्र हुन्। यस्ता उपलब्ध तथ्याङ्कको प्रयोगबाट तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम निर्माण गरी समाजका सबै पक्षको समन्यायिक विकास गर्न सके मात्र उपलब्ध तथ्याङ्कको सार्थकता हुन जान्छ। हामी सबैले तथ्यमा आधारित नीति निर्माण गर्ने, मन्तव्य दिने, दृष्टिकोण बनाउने संस्कृति विकास गरौं।

*–गोरखापत्र*

# Bhumikasthan Municipality

## Office of the Municipal Executive

**Nuwakot, Arghakhanchi**

## Invitation for Bids

***Date of publication: 11-23-2025 (2082-08-07 B.S.)***

05/BMA/W/B/2082/083 B.P.Smriti Pratisthan Parisar Purbadhar Construction Works

Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures.

Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.

Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.3000/- as bidding document fee in the account as specified below:
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Prabhu Bank Ltd.
Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
Office Code no: 801055101
Office Account no: 2587086986800138
Rajaswa (revenue) Shirshak no: 14249

Bid Security must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
Information to deposit the BID Security Amount in Bank:
Name of the Bank: Prabhu Bank Ltd.
Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
Office Code no: 801055101
Office Account no: 2587086986800048
Account Name :Dharouti Account.

Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 12th December, 2025 13:00 hours.

Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 23nd December, 2025 12:00. Bids received after this deadline will be rejected.
The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 23nd December, 2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi
Bidders other details are as given below:

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 05/BMA /W/B/ 2082/083 | B.P.Smriti Pratisthan Parisar Purbadhar Construction Works | NRs. 3000.00 (Not Refundable) | 2499261.77 | 62500.00 | 90 Days |

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# नागरिक बचत तथा ऋण सहकारी संस्थाको १७औं साधारण सभा सम्पन्न




**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, ६ मंसिर*

नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष जंग बहादुर विष्टको अध्यक्षतामा भएको साधारण सभामा सहकारीका वरिष्ठ सल्लाहाकार पुष्कर खड्का प्रमुख अतिथी रहनु भएको थियो।

१७औं साधारण सभाको अवसरमा सहकारीको आर्थिक प्रतिवेदन, भावी योजना तथा रणनितीहरू प्रस्तुत गरिएको थियो। २०६६ सालमा स्थापना भएको नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले विभिन्न चरण र अनेकौं चुनौतीहरूको सामना गर्दै १७औं साधारण सभाको आयोजना गर्दा सम्म सहयोग गर्नुहुने सम्पुर्ण सेयर सदस्य, बचतकर्ता, ऋणी, कर्मचारी र शुभचिन्तकलाई अध्यक्ष विष्टले धन्यवाद दिनु भएको थियो।

हालसम्म प्राप्त गरेका उपलब्धीहरूलाई स्थापित गर्दै भाबी दिनहरूमा थप सफलता हासिल गर्न सबैको अहम भुमिका हुने अध्यक्ष विष्टले बताउनु भएको थियो।

१७औं साधारण सभामा कोषाध्यक्ष धालेन्द्र कुमार चौधरीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आर्थिक वर्ष २०८१-०८२ मा १ करोड २ ९ लाख १२ हजार ९९ रूपैयाँ ७५ पैसाको कारोबार गरेको थियो। त्यसमा ७१ लाख ७९ हजार ३ सय ९९ रूपैयाँ २० पैसा कुल आम्दानी रहेको थियो भने ६७ लाख ६६ हजार ८ सय ७४ रूपैयाँ ६८ पैसा कुल खर्च भएको थियो। सहकारीको ऋण सुरक्षण खर्च तर्फ ४ लाख ३ हजार २ सय ७० रूपैयाँ, नाफा बचततर्फ ९ हजार २ सय ५४ रूपैयाँ ५२ पैसा रहेको छ। सहकारीको कुल सम्पत्ति ५ करोड ४४ लाख ९० हजार ९ सय ८६ रूपैयाँ ९० पैसा रहेको कोषाध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। यसैगरी १७औं साधारण सभामा आर्थिक वर्ष २०८२-०८३ को लागि आर्थिक बजेट प्रस्ताव गरिएको थियो। जसमा ३८ करोड ६४ लाख ४३ हजार ४ सय ६६ रूपैयाँ ८९ पैसाको कारोबार गर्ने लक्ष्य राखिएको छ। साधारण सभामा संस्थाको सांगठनिक प्रतिवेदन सचिव रमेश कुमार मिश्रले, आर्थिक प्रतिवेदन धालेन्द्र कुमार चौधरीले, लेखा समितिको प्रतिवेदन लेखा समिति संयोजक टेकराज जैशी र ऋण उप-समितिको प्रतिवेदन संयोजक हिरेन्द्र बहादुर खड्काले प्रस्तुत गर्नु भएको थियो। साधारण सभाको अवसरमा विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्ने महानुभावहरूलाई सम्मान गरिएको नागरिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडका व्यवस्थापक गोपाल बहादुर थापाले बताउनु भयो।

साधारण सभाको अवसरमा मासिक बचत तर्फ अमृत ऐडी, उत्कृष्ट ऋणीको रूपमा दिल बहादुर थापा, त्राइमासिक रणनिती योजना कार्यन्वयन तर्फ पुष्कर बहादुर खड्का र शान्ति सिंह ठकुरी, पुर्व कर्मचारी छत्र कुमारी भण्डारीलाई सम्मान गरिएको थियो। यसैगरी समुह तर्फ स्वतन्त्र नागरिक बचत समुह कोहलपुर- ७ जोगीठाठा र पुर्व अध्यक्ष जयलाल पराजुलीलाई संस्थाको विकासमा योगदान गरेको भन्दैं सम्मान गरिएको थियो।

# कृष्णसार एफएम लैंगिक समानता र सामाजिक समावेशिता पुरस्कारबाट पुरस्कृत

**कालपृष्ठ समाचारदाता**

*काठमाडौं, ६ मंसिर*

नेपालगन्ज स्थित रेडियो कृष्णसार एफएम ९४ मेगाहर्जलाई 'लैंगिक समानता र सामाजिक समावेशिता पुरस्कार २०८२' (जेसी च्याम्पियन मिडिया) प्रदान गरिएको छ। समुदायका लागि सञ्चार अभियान नेपालद्धारा संचालित कृष्णसार एफएमलाई प्रदान गरिएको सम्मान पत्रमा भनिएको छ - 'नेपालको मिडिया क्षेत्रमा लैंगिक समानता र समावेशिता प्रवर्धनका लागि गरेको उत्कृष्ट अभ्यास, नवीन पहल र निरन्तर प्रयासको उच्च मूल्यांकन गर्दै यो सम्मान प्रदान गर्दछौं।'

'यस रेडियोले लैंगिक समानता र सामाजिक समावेशिताका क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको छ। विशेषगरी समाचार कक्षमा महिला सहभागिता, समावेशी भर्ना, लैंगिक तथा सामाजिक समावेशीकरण नीति, महिलाका मुद्दालाई प्राथमिकता, गुनासो व्यवस्थापन संयन्त्र, अपाङ्ग मैत्री पुर्वाधार र पत्रकार सुरक्षा क्षेत्रमा नमूना अभ्यास गर्दै आएको छ'- पत्रकार महासंघले प्रदान गरेको सम्मानपत्रमा उल्लेख छ।

काठमाडौंमा भएको विशेष समारोहमा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तथा बरिष्ठ पत्रकार किशोर नेपालले एफएमका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक तुला अधिकारीलाई सम्मान पत्र प्रदान गर्नु भएको हो। कार्यक्रममा राष्ट्रिय सूचना आयोगका अध्यक्ष सुरेश आचार्य, महासंघका पूर्व अध्यक्ष तारानाथ दाहाल, अध्यक्ष निर्मला शर्मा, बरिष्ठ उपाध्यक्ष दिपक आचार्य लगायतको सहभागिता थियो। आयोजक पत्रकार महासंघका अनुसार सम्मान छनोट समिति मार्फत् विभिन्न सूचकका आधारमा उत्कृष्ट छनोट गरी अवार्ड प्रदान गरिएको हो।




समाचार र विचारको स्वतन्त्र संवाहक

kalpristhanews.com

(बाँके जि.प्र.का.द.नं. ३४/५४-५५)
बाँके जि.हु.का.द.नं. ०८/६८-६९)
kalpristha.news@gmail.com
Sunday 23 Nov. 2025, आइतबार ०७ मंसिर २०८२

# खडक र पुर्णलक्ष्मी बने ११औं धारा नेपालगन्ज म्याराथन विजेता



कालपृष्ठ समाचारदाता

*नेपालगन्ज, ६ मंसिर*

नेपाली सेनाका खडक बहादुर खड्का र पुर्णलक्ष्मी न्यौपानेले ११औं धारा नेपालगन्ज म्याराथनको उपाधि जित्नु भएको छ।

शनिवार नेपालगन्ज भएको म्याराथनमा खडकले दुई लाख नगद र पुर्णलक्ष्मीले नगद ७५ हजार सहित ट्रफी, पदकले पुरस्कृत हुनु भयो।

म्याराथनमा ४२.१९५ किमी पुरुष खुल्ला स्पर्धामा खडकले २ घण्टा १५ मिनेट ६ सेकेन्डमा दुरी पुरा गर्दै देशकै सरल कोर्ष मानिएको नेपालगन्जमा गतबर्षको रेकर्ड ब्रेक गर्न सफल हुनु भयो। उहाँले लगातार दोस्रो पटक र समग्रमा नेपालगन्ज म्याराथनको विजेता ट्रफीमा ह्याट्रिक गर्नु भएको हो। यसमा नेपाली सेनाकै सुशीलकुमार शाहीले २ घण्टा १६ मिनेट ४० सेकेन्डमा दुरी पुरा गर्दै दोस्रो स्थान हासिल गर्दा नगद एक लाख र पदकबाट पुरस्कृत हुनु भयो। तेस्रो स्थानमा आउन सफल नेपाल एपीएफ क्लबका गोपीचन्द्र पार्कीले २ घण्टा १९ मिनेट १५ सेकेन्डमा निर्धारित दुरी पुरा गर्दा पचास हजार नगद र पदकबाट पुरस्कृत हुनु भयो। त्रिभुवन आर्मीका विनोद रोकाय(२:२०.३३)ले चौथो, एपीएफका राजन चौधरी(२:३१.०६)ले पाँचौं, सेनाका धनु मानन्धर(२:३२.५०)ले छैटौं स्थान हासिल गर्नु भयो। त्यसैगरी यमराज खत्रीले २:५०.५५ घण्टा, सोम रावतले २:५७.४८ घण्टा, दिनेशजंग शाहीले २:५८.१९ घण्टा, रेशम छन्त्याललले ३:०१.२० घण्टा, निर्मल लम्सालले ३:२६.१३ घण्टा, अनिल थारु ३:३१:००, अनिपाल रावत ३:३३:२४, रोशनसिंह बिष्ट ३:४१:२१, अर्जुन खत्रीले ४:००.३९, ज्ञानेन्द्रकुमार जैशीले ४:०३.२०, कृष्णकुमार महर्जनले ४:३८.५५ घण्टामा दुरी पुरा गर्दै शीर्ष अठारभित्र स्थान सुरक्षित गर्नु भयो।

हाफ म्याराथन महिला २१ किमीतर्फ सेनाकी पुर्ण राज्यलक्ष्मीले एक घण्टा २१ मिनेट, २७ सेकेन्डमा निर्धारित दुरी पुरा गरी प्रथम स्थान हासिल गर्दा नेपाल एपीएफ क्लबकी फुलमती रानाले १:२७:२२ घण्टा, जुम्लाकी सुनदीवा बुढाले १:२७.३९ घण्टा, पुष्पा आचार्यले १:३५.०१ घण्टा, अमिता राईले १:४७.२९ घण्टा समय निकाल्दै शीर्ष पाँच स्थान हासिल गर्नु भयो। उहाँहरूले क्रमशः ७५ हजार, ५० हजार, २५ हजार, १५ हजार र १० हजार नगद, पदकले पुरस्कत हुनु भयो।



पूर्णलक्ष्मीको यो दोस्रो उपाधि हो। यसअघि उहाँले पाँचौं संस्करणमा उपाधि जित्नु भएको थियो।

१० किलोमिटर रोड रेसमा पुरुषतर्फ नेपाल पुलिस क्लबका नागेश्वर अहिर(३१:४२:३१), नेपाल एपीएफ क्लबका रूपेश कार्कीले (३१:४९.०५) र नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका (३१:५७.४२) र महिलातर्फ कल्पना बुढा (३७:१८.०७), दीपा परियार(३८:१०.८९), सुनदेवा बुढा (३८:४३.३१), सुमित्राकुमारी चौधरी(३८:५०.२२), देवकी कुमारी(४०:४३.८२), अर्जेन्टिनाकी एलियना जर्केलिस(४०:५५.२८)को समय निकाल्दै शीर्ष स्थान हासिल गर्नु भयो।

कर्पोरेट रनतर्फ डा. रामकृष्ण लामिछाने, डा. विश्वनाथ शर्मा, प्रहरी निरीक्षक पदम थारु, नारायणप्रसाद बस्याल, नवीन शर्मा पौड्याललले शीर्ष पाँच स्थान हासिल गर्न सफल हुनु भयो।

नेपाल रनिङ ३ सार्वजनिक

म्याराथनका अवसरमा तयार गरिएको नेपाल रनिङ अंक ३ बिशेषांक सार्वजनिक गरिएको छ। महानायक राजेश हमाल, मिस नेपाल वर्ल्ड-२०२५ लुना लुईंटेल, मिस नेपाल-२०२३ सृच्छा प्रधान, ओलम्पियन दीपक बिष्ट, साग दोहोरो स्वर्णधारी दीपक श्रेष्ठले म्यागजिन सार्वजनिक गर्नु भयो। बिशेषांकमा रनिङ सम्बन्धि आलेख समावेश गरिएको छ। एम्स दुत तथा नेपालगन्ज म्याराथन संस्थापक टीएस ठकुरीदेखि बर्लिन म्याराथनका संस्थापक हर्ड्स मिल्डेदेखि बाङ्सेन रनिङ सिरिज(थाइल्याण्ड)का प्रमुख रुटका साथै टाटा मुम्बई म्याराथनदेखि कोसिस म्याराथन हुँदै सिकागो म्याराथनका सिओओ माइक निसीसम्मका आलेख राखिएको छ।

यसअघि नेपालको प्रतिष्ठित प्रकाशन गृह फाइनप्रिन्टसँगको सहकार्यमा नेपालगन्ज कनक्लेव भएको थियो। कनक्लेव र म्याराथन हरेकबर्ष स्तरोन्नति गर्दै जाने अध्यक्ष टीएस ठकुरीले बताउनु भयो।

## एन्जल्स स्कुललाई नेपालगन्ज ट्रफी



कालपृष्ठ समाचारदाता

*नेपालगन्ज, ६ मंसिर*

नेपालगन्ज म्याराथन आयोजक कमिटीले यसबर्षदेखि विद्यालयस्तरमा दौडको लोकप्रियता बढाउन स्थापना गरेको 'नेपालगन्ज ट्रफी' यसबर्ष एन्जल्स स्कुलले प्राप्त गरेको छ। नेपालगन्ज म्याराथनको ११औं संस्कराण्मा सर्वाधिक दर्ता गराउने विद्यालयलाई यो ट्रफीबाट सम्मानित गर्ने आयोजक कमिटीको पुर्वनिर्धारित निर्णयअनुसार एन्जल्स स्कुल छनोटमा परेको हो। कार्यक्रमका प्रमुख आकर्षण महानायक राजेश हमालले स्कुलकी निर्देशक विवेचना मल्ललाई ट्रफी हस्तान्तरण गर्नु भयो। एन्जल्स स्कुलबाट एक सय दश जनाले भाग लिएका थिए।

बाँके जिल्लास्तरीय स्कुल दौडमा छात्रातर्फ दीपशीखा शाही, ज्ञानदेवी महतारा र अप्सरा बम तथा छात्रतर्फ अरविन्दकुमार यादव, अरमन अहमद दर्जी र किरण रोकायले शीर्ष तीन स्थान हासिल गर्नु भयो।

किड्स रनतर्फ ब्राइटल्याण्ड स्कुलका नमांसु थापामगर, सगरमाथा ज्ञानकुन्जका सुजन शाही र ब्राइटल्याण्डकै निकेस फडाराले क्रमशः शीर्ष तीनको स्थान हासिल गरे।

ह्वीलचेयर दौडमा पारसराम बढई, राजेश हरिजन, मनकुमारी परियारले शीर्ष तीन स्थान हासिल गर्नु भयो।

विजयी खेलाडीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङ, लुम्बिनी प्रदेश खेलकुद परिषदका सदस्यसचिव तिरनराज गौतम, केएल दुगड ग्रुपका सिईओ प्रदीप छाजेड, महानायक राजेश हमाल, मिस नेपाल वर्ल्ड-२०२५ लुना लुईंटेल, मिस नेपाल वर्ल्ड-२०२३ सृच्छा प्रधान, जेनजी लिडर रक्षा बम, नेपाल पर्यटन बोर्डका बरिष्ठ अधिकृत सुर्य थपलिया, एभरेस्ट म्याराथनका संस्थापक विक्रम पाँडेकाजीलगायतले पुरस्कृत गर्नु भयो।

फाइबर सपिङ्ग ब्याग रू. ३२०/- प्रति




सम्पर्क :
मो. ९८५८०४१२१०,
९८५८०५९५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

## १३औं एनएसए कप च्याम्पियनसिप मंसिर तेश्रो साता हुने

कालपृष्ठ समाचारदाता

*काठमाडौं, ६ मंसिर*

नेपाल पौडी संघको आयोजनामा विगतमा हुँदै आएको एनएसए कप च्याम्पियनसिपको तेश्रो संस्करण मंसिर तेश्रो साता हुने भएको छ।

मंसिर २० र २१ गते हुने १३ औं एनएसए कप पौडी च्याम्पियनसिप २०२५ मा विभिन्न ३१ स्पर्धामा प्रतिस्पर्धा हुने नेपाल पौडी संघले जनाएको छ। जसमा पुरुष तर्फ १५०० मिटर, ४०० मिटर, २०० मिटर, १०० मिटर, ५० मिटर तथा ४० प्लसको ५० मिटर फ्रिस्टायल, २०० मिटर, १०० मिटर र ५० मिटर ब्रेष्ट स्ट्रोक, २०० मिटर इन्डिभिज्युल मिड्ले, १०० र ५० मिटर ब्याक स्ट्रोक र बटरफ्लाई खुल्ला प्रतिस्पर्धा हुने छ।

महिला तर्फ ८०० मिटर, ४०० मिटर, २०० मिटर, १०० मिटर, ५० मिटर र ४० प्लसको ५० मिटर फ्रिस्टायल, २०० मिटर, १०० मिटर र ५० मिटर ब्रेष्ट स्ट्रोक, २०० मिटर इन्डिभिज्युल मिड्ले, १०० मिटर र ५० मिटर ब्याक र बटरफ्लाई खुल्ला स्पर्धा हुनेछ।

यसैगरि महिला तथा पुरुषको ५० मिटर गुणा ४ फ्रिस्टायल रिले र ५० मिटर गुणा ४ मिक्स मिड्ले रिलेमा प्रतिस्पर्धा हुनेछ।

सातदोवाटोस्थित २५ मिटरको हिटिङ्ग पौडी पोखरीमा हुने च्याम्पियनसिपमा पदक प्राप्तीका आधारमा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई एनएसए च्याम्पियन ट्रफी प्रदान गरिने छ। यस्तै पदकका आधारमा १ महिला र १ पुरुष खेलाडीलाई नगद सहित ट्रफी प्रदान गरिने छ भने राष्ट्रिय किर्तिमान कायम गर्ने खेलाडीलाई नगद ५ हजारले पुरस्कृत गरिने छ।

च्याम्पियनसिपको अनुमानित लागत २० लाख रहेको छ। आर्थिक ब्यवस्थापनका लागि राष्ट्रिय खेलकुद परिषद् लगायत विभिन्न दाता, संघ, संस्थाहरूको प्रायोजनबाट पूर्ति गरिने नेपाल पौडी संघले जनाएको छ।

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।